# सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैँचा, मोरङ

## विषय : आ.व. २०७५/२०७६को अनुमानित आय-व्यय (बजेट) सम्बन्धमा ।

श्रीमान् अध्यक्षज्यू,
क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा पदाधिकारीज्यूहरू,
र बजेट मस्यौदा समितिका सदस्यहरू,
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ ।

उपर्युक्त सम्बन्धमा क्याम्पस सञ्चालक समितिको मिति २०७५ साल असार २४गतेको बैठकको निर्णयअनुसार तत्कालिन क्याम्पस प्रमुखश्री प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा गठन भएको बजेट मस्यौदा उपसमितिले क्याम्पसमा उपलब्ध हुनसक्ने साधन र स्रोतहरूको पहिचान गरी आर्थिक वर्ष २०७५/२०७६ का लागि अनुमानित आय व्ययको मस्यौदा (बजेट) को प्रारुप तयार गरी सकेको बेहोरा अवगत गराइन्छ । यस बीचमा मिति २०७५ साल माघ १५ गते देखि तत्कालिन क्याम्पस प्रमुख सेवा निवृत्त हुनुभएको अवस्थामा सोहि मिति देखि नयाँ क्याम्पस प्रमुखको व्यवस्था भएकाले सो व्यवस्थाभन्दा अघि बजेट मस्यौदा उपसमितिबाट भएगरेका सम्पूर्ण कामहरूलाई निरन्तरता दिँदै यो मस्यौदा तयार गरी सञ्चालक समितिको बैठकसमक्ष पेस गरिएको छ ।

प्रस्तुत बजेट तयार गर्नेक्रममा विगत वर्षहरूमा भएगरेका आम्दानी र खर्चका क्षेत्रहरूको मूल्याङ्कन तथा बिश्लेषण गर्दै आगामी कार्यक्रमहरू तयार पारिएका छन् । क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC)बाट आवधिक समयको लागि गुणस्तर सुनिश्चितता प्रत्यायन (Quality Assurance Accreditation-QAA) प्राप्त गरेको तीन वर्षपूरा भइसकेको अवस्थामा अब संस्थाका कार्यक्रमहरू भौतिक निर्माण तर्फभन्दा पनि सम्बन्धित निकायहरूबाट कार्यसम्पादन क्षमता (Performance), गुणस्तर, क्षमताअभिवृद्धिएवम् सूचना तथा सञ्चार प्रविधिमा पहुँच वृद्धि गर्ने, प्राज्ञिक स्वयत्ततामा जानुपर्ने साथै प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रमहरू थप गर्नुपर्ने सुझावहरू प्राप्त भएका छन् । क्याम्पसले QAAप्राप्त गरिसकेपछि उच्च शिक्षा सुधार परियोजना (HERP)अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको अवस्थामाशैक्षिक गुणस्तर, व्यवस्थापकीय क्षमता सुधार, अनुसन्धान क्षमताको अभिवृद्धि, तालिम सेमिनार, सेमिनार कक्ष, सुविधा सम्पन्न गुणस्तरीय आकर्षक कक्षाकोठा निर्माण तथा फर्निचर व्यवस्थापन, नयाँ शैक्षिक कार्यक्रमका लागि पुस्तक व्यवस्थापन, विद्यार्थी कल्याण, विद्यार्थीका लागि यातायातको व्यवस्था, शैक्षणिक क्रियाकलापमा सुधार, वैज्ञानिक तथा शैक्षिक सामग्रीको उपयोग र व्यवस्थापन तथा सरोकारवालाहरूको क्याम्पस कार्यक्रम सम्म पुग्ने पहुँच वृद्धिगर्नुपर्ने आवश्यकता रहेको छ । यही आवश्यकतालाई केन्द्रबिन्दु मानी प्रस्तुत बजेट तयार पारिएको छ ।

क्याम्पसको नियमित आम्दानीको स्रोत बिद्यार्थीबाट प्राप्त हुने शुल्क नै मुख्य रूपमा रहेको छ । यसका अतिरिक्त अन्य अनुदान तथा आय, धरौटी आय, र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुदानलाईआम्दानीका रूपमा राखिएको छ । यिनै स्रोतबाट प्राप्त हुने अनुमानित रकमलाई स्रोतका रूपमा राखी बजेटको बाँडफाँट गरिएको छ ।

बजेट मस्यौदा समितिले मस्यौदा तयार गर्दा गरेका निर्णयहरू निर्णय पुस्तिकामा लिपिवद्ध गरिएका छन् । आम्दानीका स्रोतहरू तथा अनुमानित आम्दानीको प्रमाणित विवरणलाईअनुसूची १ देखि ६ सम्ममा प्रस्तुत गरिएका छन् । प्रस्तुत बजेट तयार गर्ने क्रममा सहयोग गर्नुहुने सञ्चालक समितिका पदाधिकारी, शिक्षक, कर्मचारी, प्राध्यापक सङ्घ तथा विद्यार्थी प्रतिनिधिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बजेटलाई गहन छलफल गरी पारित गरिदिनुहुन हार्दिक अनुरोध छ ।

**बजेट मस्यौदा उपसमिति २०७५**

१. संयोजक- लक्ष्मीकुमार श्रेष्ठ -

२. सदस्य - टीकाप्रसाद कट्टेल -

३. सदस्य - केशव अधिकारी -

४. सदस्य - रमेश खड्का -

५. सदस्य - नवराज चापागाइँ -

६. सदस्य - बलराम पोखरेल -

७. सदस्य -गणेशप्रसाद दाहाल -

माथि उल्लेख गरिएअनुसारको आ.व. २०७५/२०७६ को अनुमानित आय व्यय विवरण र त्यसको बजेटको व्याख्या निम्नानुसार गरिएको छ :

## तालिका १: आ.व. ०७५।०७६ को अनुमानित समष्टिगत आय विवरण

| सि.नं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी शुल्क आम्दानी | ७०९९०४५० | ६२९७३६२५ | ७,७८,३९,३०० | ४९.६२ % |
| २ | विश्वविद्यालय अनुदान | ९५६२२२५ | ५७५४०४८.६७ | १,३१,७८,६४८ | ८.४१ % |
| ३ | अन्य अनुदान तथा आय | २३८९३१७७ | १०४४९३६७.४२ | ३,१९,७६,६०० | २०.३९% |
| ४ | धरौटी आय | ७०३४३४० | ९०९७८५५ | ८४,८४,६७५ | ५.४१ % |
| ५ | पेस्की तथा बैङ्क जिम्मेवारी सारेको | ११८६६०५९.७३ | २५३६०५६१.६८ | २,५३,६०,५६१.६८ | १६.१७ % |
| **जम्मा** | | **१२३३४६२५१.७३** | **११३६३५४५७.८** | **१५,६८,३९,७८४.६८** | **१०० %** |

### क) आम्दानी तर्फको व्याख्या

क्याम्पसको आम्दानीको मुख्य स्रोत विद्यार्थी शुल्क भए तापनि यसका अतिरिक्त धरौटी अम्दानी, विभिन्न शीर्षकमा प्राप्त अनुदान र अन्य आम्दानीसमेत स्रोतका रूपमा रहेका छन् ।

### १. विद्यार्थी शुल्क आम्दानी

क्याम्पसको आय स्रोततर्फ विश्लेषण गर्दा आयस्रोतको ठूलो हिस्सा विद्यार्थी शुल्कबाट प्राप्त भएको छ । यस शीर्षकबाट प्राप्त हुने आम्दानीअन्तर्गत प्रवेश शुल्क, शिक्षण शुल्क, पुस्तकालय शुल्क, क्याम्पस विकास आय, खेलकुद शुल्क, विविध शुल्क, आन्तरिक परीक्षा शुल्क, अभ्यास शिक्षण तथा प्राक्टिकम, शोधपत्र शुल्क, प्रयोगशाला शुल्क, कम्प्युटर शिक्षण शुल्क, त्रि. वि. तथा उ. मा. शि. प. परीक्षा विविध, त्रि. वि. तथा उ. मा. शि. प. दर्ता विविध, प्रवेश आवेदन फाराम शुल्क, अनुसन्धान शुल्क,प्रमाणपत्र तथा सिफारिस शुल्क,अन्य विविध आयलाई समावेश गरिएको छ । यी शीर्षकहरूबाट आ.व.२०७५/२०७६ मा रु७,७८,३९,३००।- कुल आम्दानीको ४९.६२%आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।शुल्क आम्दानीको पारित विवरणलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

### *तालिका २ : आ व २०७५/२०७६ को समष्टिगत अनुमानित शुल्क आम्दानी*

| क्र.सं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित |
|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | ४३५७५०० | ५१,३८,४०० | ४७,६१,००० |
| २ | शिक्षण शुल्क | ४,५१,५१,९०० | ४,०३,७०,६७५ | ५,२१,५३,६०० |
| ३ | पुस्तकालय शुल्क | १९८५००० | १९,०६,६०० | १९,३३,००० |
| ४ | क्याम्पस विकास (निर्माण) आय | २०,०४,१०० | १७,६९,१०० | १७,४१,२०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | खेलकुद शुल्क | ५,८०,२०० | ६,११,४०० | ५,८१,२०० |
| ६ | विविध शुल्क | २०,०९,७५० | ४५,२३,४३५ | २०,१०,३०० |
| ७ | आन्तरिक परीक्षा शुल्क | २९,२९,७०० | २७,२५,००० | २९,९३,६०० |
| ८ | अभ्यास शिक्षण /प्राक्टिकम् शुल्क | ७,६९,००० | १४,८९,७४५ | ७,५०,१०० |
| ९ | शोधपत्र | ९,८०,००० | | १०,८५,००० |
| १० | प्रयोगशाला शुल्क | १३,८८,००० | १३,९३,७५० | १५,८३,००० |
| ११ | प्रयोगात्मक शुल्क | १३,४१,६०० | १२२९५५० | १६,५७,५०० |
| १२ | कम्प्युटर शिक्षण शुल्क | ७,३८,००० | ० | १०,८०,००० |
| १३ | त्रि.वि./उ.मा.शि.परीक्षा विविध | १५,१०,२५० | ० | १६,००,६५० |
| १४ | त्रि.वि./उ.मा.शि.नाम दर्ता विविध | ३,१८,६५० | ० | २४,४,२०० |
| १५ | प्रवेश आवेदन फाराम | ८,८८,१०० | ० | ८,७३,६०० |
| १६ | प्रमाणपत्र/सिफारिस आदि | १०,००,००० | १०१६९७० | १२,००,००० |
| १७ | अनुसन्धान शुल्क | २०,९,५०० | ० | ९८,००० |
| १८ | उ मा शि प प्रयोगात्मक विविध | १,२६,८०० | ० | १,३७,९५० |
| १९ | सरस्वती पूजा सहयोग | १,५३,९५० | ० | १,५६,६०० |
| २० | विद्यार्थी कल्याण शुल्क | ८,४४,८०० | ७९९००० | ८,६७,२०० |
| २१ | बस भाडा | ३,७५,००० | ० | ० |
| २२ | अन्य विद्यार्थी आय | १३,२८,६५० | ० | ० |
| २३ | आइडि कार्ड शुल्क | ० | ० | ३,३१,६०० |
| | **जम्मा** | **७,०९,९०,४५०** | **६,२९,७३,६२५** | **७,७८,३९,३००** |

## २. वि.वि. अनुदान आयोगबाट प्राप्त अनुदान तथा अन्य आय

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान, तालिम तथा सेमिनार सहयोग, कार्यसम्पादन अनुदान, गत वर्ष र यस वर्षको स्रोत परिचालन अनुदान र विद्यार्थी उत्तीर्ण तथा ट्रेसर स्टडि र थप गरिएको बी.बी.ए. कार्यक्रम वापतको प्राप्त हुने अपेक्षा गरिएको अनुदान रकम समावेश गरिएको छ। यस आ.व. २०७५/०७६ मा विश्वविद्यालयबाट रु.१,३१,७८,६४८।- अनुदान प्राप्तहुने अनुमान गरिएको छ। यो रकम कुल आम्दानीको ८.४१% रहेको छ। त्यसै गरी अन्य अनुदान तथा आयअन्तर्गत सुन्दरहरैंचा नगरपालिका, प्रदेश तथा सङ्घीय सरकार, निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष, र सुन्दरहरैंचा नगरपालिकाभित्रका सहकारीहरूबाट प्राप्तहुने, दाताहरूबाट छात्रवृत्तिका लागि प्राप्तहुने अनुदान, अभ्यास शिक्षण पुस्तिका बिक्रीबाट प्राप्तहुने रकम, जर्नल बिक्रीबाट प्राप्तहुने रकम, क्यान्टिन भाडाबापत प्राप्त हुने रकम, बैङ्क ब्याज, चन्दा सहयोग र रजत महोत्सवका अवसरमा दाताहरूबाट घोषणा गरिएको प्राप्तहुन बाँकी रकम समावेश गरिएको छ। यसरी विश्वविद्यालय अनुदान आयोगबाहेक अन्य अनुदान तथा अन्य आयबाट यस आ.व. २०७५/२०७६ मा रु. ३,१९,७६,६००।- आम्दानी हुने अनुमान गरिएको छ। यो अनुमान कुल आम्दानीको २०.३९%हुनेछ। आव २०७५/२०७६ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी तालिका २ मा प्रस्तुत गरिएको छ।

*तालिका ३ : आव २०७५/२०७६ को समष्टिगत अनुमानित अनुदान तथा अन्य आम्दानी*

| क.सं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित |
|---|---|---|---|---|
| १ | **वि. वि. अनुदान आयोग** | **९५६२२२५** | **५७५४०४८.६७** | **१,३१,७८,६४८** |
| | क. नियमित अनुदान | २०५७५२५ | १४६०००० | १४,६०,००० |
| | ख. तालिम सेमिनार | २२०००० | ४२९४०४८.६७ | १,५०,००० |
| | ख. कार्य सम्पादन अनुदान | १५००००० | | २०,००,००० |
| | ग. स्रोत परिचालन अनुदान | ५६३४७०० | | ८२,६८,६४८ |
| | घ.Graduate ListरTracer Report | १५०००० | | १३,००,००० |
| २ | **अन्य अनुदान तथा आय** | **२३८९३१७७** | **१०४४९३६७.४** | **३,१९,७६,६००** |
| | नगरपालिका | ३०००००० | १३५०९५५ | १७,५०,००० |
| | प्रदेश सरकारबाट | २०००००० | | २,१९,००,००० |
| | निर्वाचन क्षेत्र पूर्वाधार विकास कोष | ० | ० | २०,००,००० |
| | अन्य अनुदान | २००००० | २१७७९० | २,२०,००० |
| | सहकारी संस्थाबाट सभाहल निर्माणार्थ | १६००००० | ० | १६,००,००० |
| | छात्रवृत्तिका लागि दाताबाट | २००००० | ० | ३,००,००० |
| | दातृ निकाय बाट( बस खरिदका लागि) | १०५००००० | ० | ० |
| | अभ्यास शिक्षण पुस्तिका बिक्री आय | ६०००० | ० | ६०,००० |
| | क्यान्टिन भाडा | ५१९०० | ४६००० | ६०,००० |
| | सामग्रि बिक्री आय | १५००० | १६००० | २०,००० |
| | जर्नल बिक्री आय | १५००० | ० | ० |
| | बैङ्क व्याज आय | १५००००० | २६९५८९८.४२ | २७,००,००० |
| | अक्षयकोष व्याज आय | | | |
| | चन्दा सहयोग/ अनुदान | ३८७२७७७ | ५७९५४३८ | १०,००,००० |
| | अन्य आय (ल्यापटप) | ८७८५०० | ३२७२८६ | ३,६६,६०० |
| ३ | **अधिल्लो वर्षको जिम्मेवारी सारेको** | **११८६६०५९.७३** | **२५३६०५६१.६८** | **२,५३,६०,५६१.६८** |
| | क. बैङ्क जिम्मेवारी | ९६००२५०.७७ | २३८१४८२६.६८ | २,३८,१४,८२६.६८ |
| | ख. नगद | ३३१७.९६ | ० | |
| | ग. सानो नगदी कोष | ० | ० | |
| | घ. पेस्की जिम्मेवारी | १४०४४९१ | १५४५७३५ | १५,४५,७३५ |
| | ङ. पाउनुपर्ने विवि अनुदान आयोग | ८५८००० | ० | |
| | **कुल जम्मा** | **४५३२१४६१.७३** | **४१५६३९७७.७७** | **७,०५,१५,८०९.६८** |

### ३. धरौटी आय

यस शीर्षक अन्तर्गत  तोकिएका कार्यहरू गर्नका लागि विद्यार्थीहरूबाट क्याम्पसले धरौटी प्राप्त गर्ने शीर्षकहरू जस्तै : त्रि.वि./उ.मा.शि प..दर्ता तथा परीक्षा, प्रयोगशाला तथा पुस्तकालय धरौटी, त्रिवि सम्बन्धन, र स्ववियु धरौटी आम्दानी समावेश गरिएको छ । यस शीर्षक अन्तर्गत यस आ.व २०७५/०७६मा रु. ८४,८४६७५।-रकम प्राप्त हुने अनुमान गरिएको छ जुन कुल आम्दनी रकमको ५.४१% हुनेछ ।

***तालिका ४ : आ व २०७५/२०७६ को अनुमानित धरौटी आम्दानी***

| सि.नं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित |
|---|---|---|---|---|
| १ | त्रि.वि./उ.मा.शि.प.दर्ता | ४०३१०० | ७८१३७० | ४,८८,४०० |
| २ | त्रि.वि./उ.मा.शि.प.परीक्षा | ४२४८५९० | ४९०२७८५ | ४३,३५,२५० |
| ३ | पुस्तकालय धरौटी | ११३३००० | ११९७९०० | ८,९८,००० |
| ४ | प्रयोगशाला धरौटी | १८५००० | २१३००० | १,७७,००० |
| ५ | स्वतन्त्र विद्यार्थी युनियन | ३०७९०० | २९९९०० | ३,१३,२०० |
| ६ | अन्य विद्यार्थी धरौटी | ५७६६५० | १७८२९०० | २०,६६,७०० |
| ८ | त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा | १८०१०० | ० | २,०६,१२५ |
| | **जम्मा** | **७०३४३४०** | **९०९७८५५** | **८४,८४,६७५** |

### ४. पेस्की तथा बैङ्क जिम्मेवारी

यस शीर्षकअन्तर्गत गत आ व २०७४/०७५ मा खर्च गरी विभिन्न बैङ्कका बचत/चल्ती खातामा मौज्दात रकम तथा पेस्की जिम्मेवारी सरेको रकम समावेश गरिएको छ । यस शीर्षकबाट यस आ. व. २०७५/०७६ मा रु. २,५३,६०,५६१/६८रकम रहेको छ । यस शीर्षकबाट कुल आम्दानीको १६.१७ % रकम प्राप्त गरिएको छ ।

### ख) खर्च तर्फको व्याख्या

माथि प्रस्तुत गरिको आम्दानीका शीर्षकहरूबाट प्राप्त हुने रकमलाई क्याम्पसको पुँजीगत विकास, विस्तार र सूचना तथा सञ्चार प्रविधिको पहुँचमा अभिवृद्धि, थप शैक्षिक कार्यक्रमका लागि लाग्ने व्यवस्थापन खर्च, धरौटी हिसाब भुक्तानी, क्याम्पस कोष वृद्धि, अनुसन्धान क्षमताको विकास, प्राध्यापक कर्मचारीको वृत्ति विकास, क्याम्पस बसको व्यवस्थापन, तालिम, सेमिनार तथा गोष्ठी, क्षमता अभिवृद्धिका लागि अवलोकन भ्रमण, वैज्ञानिक तथा शैक्षिक उपकरण, फर्निचर व्यवस्थापन र दैनिक साधारण खर्चका लागि रकम विनियोजन गरिएको छ । जस अर्न्तगत

## तालिका ५ :आ.व. ०७५।०७६ को अनुमानित समष्टिगत खर्च विवरण

| सि.नं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित | कैफियत |
|---|---|---|---|---|---|
| १ | पूँजीगत खर्च | २६८५६५००.०० | ५६१०२५६.०० | ३,९४,३०,००० | २५.१४% |
| २ | क्याम्पस कोष | २४२४३३९८.१४ | ३९३७७९६७.१६ | २,६७,०५,००० | १७.०२% |
| ३ | सञ्चालन खर्च | ६०९९३४९७.५९ | ६२१३९८६४.६१ | ७,७५,९६,०९५.६८ | ४९.४७% |
| ४ | धरौटी तथा दायित्व | ११२५२८५६.०० | ६५०७३७०.०० | १,३१,०८,६८९ | ८.३७% |
| | **जम्मा** | **१२,३३,४६,२५१.७३** | **११,३६,३५,४५७.७७** | **१५,६८,३९,७८४.६८** | १००% |

### १) पूँजीगत खर्च

यस शीर्षक अन्तर्गत क्याम्पसको भौतिक विकास तथा विस्तार, कार्यालय उपकरण, फर्निचर, शैक्षिक उपकरण, पुस्तक खरिद तथा अन्य विविध सम्पत्तिमा गरिने खर्चका रकमहरू विनियोजन गरिएको छ । यस शीर्षकमा विनियोजित रकमको व्याख्या यस तालिकाको तल गरिएको छ ।

## *तालिका ६ : आ व २०७५/२०७६ को अनुमानित पुँजी तथा कोष खर्च*

| सि.नं. | विवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित |
|---|---|---|---|---|
| **क** | **पूँजीगत खर्च** | **२६८५६५००** | **५६१०२५६** | **३९५३००००** |
| १ | जग्गा खरिद | ० | ० | ० |
| २ | भवन निर्माण | ९८०००००० | ९७७९९१ | २८७०००००० |
| ३ | सवारी साधन | १०५००००० | ० | ० |
| ४ | फर्निचर | ६००००० | १८८५२० | २९००००० |
| ५ | कार्यालय उपकरण | १०००००० | ९३८९७४ | १५००००० |
| ६ | पुस्तक | ५००००० | ८२५०६३ | १०००००० |
| ७ | पुस्तकालय स्तरीकरण | ५००००० | ० | ० |
| ८ | Research Management Cell | ३००००० | ० | ३००००० |
| ९ | वैज्ञानिक तथा शैक्षिक उपकरण | १४६८००० | ८३७०८६ | ३४८०००० |
| १० | पानी तथा विद्युत व्यवस्था | ९५०००० | ११८६४२२ | २५०००० |
| ११ | अन्य निर्माण | २००००० | ४३६०० | १३००००० |
| १२ | विविध सम्पत्ति | १०३८५०० | ६१२६०० | १००००० |

| | | | | |
|---|---|---|---|---|
| ख | **क्याम्पस कोष** | **२४२४३३९८.१४** | **३९३७७९६७.१६** | **२६६०५०००** |
| १ | छात्रवृत्ति कोष | १५००००० | २५००००० | १०००००० |
| २ | सामान्य जगेडा कोष | ६६७०००० | २९९४०४४५.१६ | ५०००००० |
| ३ | उपदान कोष | २५००००० | ० | ३०००००० |
| ४ | ह्रासकट्टी कोष | ४७००३९८.१४ | ० | ६०००००० |
| ५ | दाताहरूबाट प्राप्त कोष | ३८७३००० | १३२७२६६ | ५२२५००० |
| ६ | पूँजीगत सम्पत्ति कोष | ५०००००० | ५६१०२५६ | ३३,८०,००० |
| | धरौटी खाता | ० | ० | ३०००००० |
| | **कुल जम्मा** | **५१०९९८९८.१४** | **४४९८८२२३.१६** | **६३१३५०००** |

### १.१) भवन निर्माण

भवन निर्माणका लागि सुन्दरहरैंचा नगरपालिका क्षेत्रभित्रका सहकारीहरूबाट प्राप्तहुने रु. १६,००,०००।- र निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषबाट प्राप्त हुने रु. २०,००,०००।-अनुदानबाट प्रशासनिक भवनको तेस्रो तलामा बाँकि रहेको भाग निर्माण गर्ने,गत वर्षको खरिद योजनाअनुसार विश्वविद्यालय अनुदान आयोग र क्याम्पसको आन्तरिक बजेटबाट निमार्णाधिनसेमिनार कक्षकोनिर्माणकार्य सम्पन्न गरी धारा, पानी, विद्युत जडान समेतका लागि रु.५१,००,०००।- रकम र प्रदेश नं. १ मा प्रस्तावना पेश गरी विज्ञान भवनको चौथो तला निर्माण गर्नेगरी रु. २,००,००,०००।- रकम विनियोजन गरिएको छ । यसरी भवन निर्माण तर्फ जम्मा रु. २,८७,००,०००।- रकम विनियोजन गरिएको छ ।

### १.२) फर्निचर

यस शीर्षकअन्तर्गत उपलव्धहुने स्रोतबाट बी.बी.ए. कार्यक्रमको कक्षा व्यवस्थापनका लागि, निर्माणाधिन सेमिनार कक्ष, आ.टी. ल्याव, स्नातकोत्तर सिमेस्टर कक्षा व्यवस्थापन र विभाग तथा कार्यालयीय प्रयोजनका लागि आवश्यक फर्निचर व्यवस्थापन गर्न जम्मा रु. २९,००,०००।- रकम विनियोजन गरिएको छ ।

### १.३) कार्यालय उपकरण

यस शीर्षकअन्तर्गत आइ.डी. कार्ड प्रिन्टर, सर्टिफिकेट प्रिन्टर, बारकोड प्रिन्टर, बारकोड स्क्यानर, बी.बी.ए. कार्यालय व्यवस्थापन, आइ.सि.टि. कार्यालय व्यवस्थापन, थप सि.सि. टि.भि क्यामेरा जडान, हेल्प डेक्समा कम्प्युटर तथा प्रिन्टर व्यवस्थापन, पुस्तकालय विद्यार्थीको पहुँच विस्तारका लागि आवश्यक कम्प्युटर र विभग तथा शाखाहरूमा आवश्यक पर्ने उपकरणहरू व्यवस्थावन गर्न रु.१५,००,०००।- रकम विनियोजन गरिएको छ ।

### १.३) पुस्तकालय, पुस्तक र RMC व्यवस्थापन

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालन र क्याम्पस स्रोतबाटआवश्यक पुस्तक, सन्दर्भसामग्री, जर्नल तथा बुलेटिन खरिदका लागि रु.१०,००,०००।- र अनुसन्धान व्यवस्थापन एकाइको थप व्यवस्थापनका लागि रु.३,००,०००।- रकम विनियोजन गरिएको छ ।

### १.४) वैज्ञानिक तथा शैक्षिक उपकरण

यस शीर्षकअन्तर्गत विश्वविद्यालय अनुदान आयोगको स्रोत परिचालनबाट प्राप्तहुने अनुदान, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट आइ सी टी व्यवस्थापनका लागि प्राप्तहुने अनुदान, स्थानीय सरकारबाट प्रानप्तहुने अनुदान, क्याम्पसको आन्तरिक स्रोत र लागत सहभागिताका आधारमाप्राध्यापक-कर्मचारीबाट ल्यापटप खरिद गर्न प्राप्तहुने रकम समेतबाट खर्च गर्न आ.टि ल्याव व्यवस्थापन, मल्टिमेडिया प्रोजेक्टर, विज्ञान प्रयोगशाला सामग्रीको व्यवस्थापन गर्न रु. ३४,८०,०००।- रकम विनियोजन गरिएको छ ।

### १.५) पानी तथा विद्युत् व्यवस्था

यस शीर्षकअन्तर्गत बी.बी.ए कार्यक्रमको कक्षा कोठामा ए.सि. खरिद तथा जडानका लागि रु.२,५०,०००।- रकम विनियोजन गरिएको छ ।

### १.६) अन्य निर्माण

यस शीर्षकअन्तर्गत खेल मैदानको स्तरोन्नति, हेल्पडेक्स कक्ष निर्माण तथा अन्य सानातिना निर्माण कार्यका लागि रु. १३,००,०००।- रकम विनियोजन गरिएको छ ।

यसरी पुँजीगत खर्च शीर्षक अन्तर्गत भवन निर्माण, फर्निचर, कार्यालय उपकरण, पुस्तकालय, पुस्तक, RMC व्यवस्थापन, वैज्ञानिक तथा शैक्षिक उपकरण, पानी तथा विद्युत् व्यवस्था, अन्य निर्माण र विविध सम्पत्ति लगायतका क्षेत्रमा जम्मा रु. ३,९५,३०,०००।- रकम विनियोजन गरिएको छ । यो रकम कुल बजेटको २५.१४ प्रतिसत रहेको छ ।

### ख) क्याम्पसकोष

यस शीर्षकको विवरण माथि तालिका५ खण्ड (ख)मा उल्लेख गरिएको छ जसअन्तर्गतछात्रवृत्ति कोष, सामान्य जगेडाकोष, उपादान कोष र ह्रासकट्टी कोष, दाताहरू वा चन्दा, दान दातव्य वा परिषद् सदस्यताबाट प्राप्तहुने रकमको कोष,पुँजीगत सम्पत्ति कोष र पुस्तकालय तथा प्रयोगशाला धरौटि रकमका लागि कोष स्थापना गर्न रु. २,६६,०५,०००।- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको १७.०२ प्रतिसत रहेको छ ।

### ग) धरौटी खर्च

यस शीर्षकअन्तर्गत त्रि.वि., उ.मा.शि.प. दर्ता, परीक्षा, पुस्तकालय तथा प्रयोगशाला धरौटी, स्ववियु, त्रि.वि. सम्बन्धन र विद्यार्थी कल्याण, सेक्युरिटी डिपोजिट, लेखा परीक्षण शुल्क र अन्य दायित्वअन्तर्गत शिक्षक/कर्मचारीको दिनुपर्ने तलबभत्ता, फिर्ता गर्नुपर्ने सेक्युरिटी डिपोजिट, भुक्तानी गर्नुपर्ने आय तथा अन्य कर, निर्माण/खरिद सम्बन्धी दायित्व, प्राध्यापक कर्मचारी कल्याण कोषलाई तिर्नुपर्ने रकम, अभ्यास शिक्षण/परीक्षा धरौटी,बचत वृद्धिकोष र प्राध्यापक कोषलाई तिर्नुपर्ने रकम र अन्य दायित्वबापत क्याम्पसले भुक्तानी दिनु पर्ने रकम विनियोजन गरिएको छ । यसका लागि धरौटी खर्च वापत रु.८९,३२,८७५।- र तिर्नु पर्ने सबै दायित्वका लागि रु.४१,७५,८१४।-गरी जम्मा रु.१,३१,०८,६८९।- रकम विनियोजन गरिएको छ । उक्त रकम कुल बजेटको ८.३७ प्रतिसत रहेको छ । यसको सम्पूर्ण विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७ : आ व २०७५/२०७६ को अनुमानित धरौटी खर्च तथा भुक्तानि दिनु पर्ने दायित्व*

| सि.नं. | विवरण | आ.व. २०७४।२०७५ | आ.व. २०७४।२०७५ | आ.व. २०७५।२०७६ |
|---|---|---|---|---|
| | | को अनुमानित | को वास्तविक | को अनुमानित |
| १ | त्रि.वि./उ.मा.शि.प.दर्ता | ४०३१०० | ६४२५७५ | ४८८४०० |
| २ | त्रि.वि./उ.मा.शि.प.परीक्षा | ४२४८५९० | ४४३८७५५ | ४३३५२५० |
| ३ | पुस्तकालय धरौटी | ११३३००० | २९१५४० | ५००००० |
| ४ | प्रयोगशाला धरौटी | १८५००० | ५०३५० | १००००० |
| ५ | स्वतन्त्र विद्यार्थी युनियन | ३०७९०० | २००००० | ४१३१०० |
| ६ | अन्य विद्यार्थी धरौटी सम्बन्धन | ५७६६५० | ८८४१५० | २८९०००० |
| ७ | त्रि.वि./उ.मा.शि.प्रयोगात्मक परीक्षा | १८०१०० | ० | २०६१२५ |
| | **जम्मा** | **७०३४३४०** | **६५०७३७०** | **८९३२८७५** |
| | **भुक्तानी गर्नुपर्ने** | | | |
| ८ | उ.मा.शि.परीक्षा सञ्चालन | | | २२०००० |
| ९ | दिनुपर्ने तलबभत्ता | २६१८५९७.०० | | ०.०० |
| १० | भुक्तानी गर्नुपर्ने घरबिदा/ बिरामी बिदा | ०.०० | | १०५३००१.०० |
| ११ | ले.प.शुल्क | ४०००० | | ४६००० |
| १२ | सेक्युरिटी डिपोजिट | ३८२५०.०० | ०.०० | ६४९२५.०० |
| १३ | आय तथा अन्य कर | १९२६१.०० | ०.०० | ११२४४९९.०० |
| १४ | निर्माण/खरिद सम्बन्धी दायित्व | १४९८४७.०० | ०.०० | ०.०० |
| १५ | प्राध्यापक कर्मचारी कल्याणकोष | ६९१४१४.०० | ०.०० | ३८८००.०० |
| १६ | अभ्यास शिक्षण/परीक्षा धरौटी | २१७५२३.०० | ०.०० | २४७८९८.०० |
| १७ | अन्य दायित्व | ०.०० | ०.०० | १११७८८९.०० |
| १८ | भुक्तानी गर्नुपर्ने दायित्व | ७०४००.०० | ०.०० | ०.०० |
| १९ | बचत बृद्धिकोष र प्राध्यापक कोष | ३७३२२४.०० | ०.०० | २६२८०२.०० |
| | **भुक्तानी गर्नुपर्ने जम्मा** | **४२,१८,५१६.००** | **०.००** | **४१,७५,८१४.००** |
| | **कुल जम्मा** | **११२५२८५६.००** | **६५०७३७०.००** | **१३१०८६८९.००** |

**ग) सञ्चालन खर्च**

यस शीर्षकअन्तर्गत मुख्यगरी शिक्षण तलब, प्रशासनिक तलब, कार्यालय सञ्चालन खर्च, छात्रवृत्ति तथा विद्यार्थी कल्याण खर्च, शैक्षिक सामग्री, अभ्यास शिक्षण, खेलकुद, अनुसन्धान, उत्सव समारोह, वृत्ति विकास, अवलोकन भ्रमण, तालिम गोष्ठी, प्रकाशन खर्च र उपादान खर्चहरू समावेश गरिएको छ । यस शीर्षकमा हुने खर्च बजेट सिटका विभिन्न बुँदा र उपबुँदामा उल्लेख गरिएको छ ।

## *तालिका ८ : आ.व. २०७५।२०७६ को अनुमानित सञ्चालन खर्च*

| सि.नं. | बिवरण | आ.व. २०७४।२०७५ को अनुमानित | आ.व. २०७४।२०७५ को वास्तविक | आ.व. २०७५।२०७६ को अनुमानित |
|---|---|---|---|---|
| **१** | **तलव शिक्षण** | **३,९८,४७,७६१** | **३,७७,७७,५२३** | **४,३६,६८,५९०** |
| | पूर्णकालीन | | | |
| | +२ कम्प्युटर र विज्ञान, बि. एड. बिज्ञान, दिवासत्र र बि. एड. कम्प्युटर करार | | | |
| | बि.एस्सी | | | |
| | अंशकालीन (बिहानी तथा दिवा सत्र) | | ३,६६,९०,८२८ | ४,२४,८३,५९० |
| | संचयकोष थप | ३,९८,४७,७६१ | | |
| | स्नातकोत्तर | | | |
| | महंगी भत्ता | | | |
| | खेल प्रशिक्षक तलब (कोर्स करार) | | | |
| | घर बिदा/ बिरामी बिदा | | ७,५२,१७५ | ७,००,००० |
| | भत्ता प्रशासनिक | | ३,३४,५२० | ४,८५,००० |
| **२** | **तलव प्रशासन** | **६४,०७,९३१** | **६४,५५,८३७** | **७१,७३,६४०** |
| | पूर्णकालीन कर्मचारी | | | |
| | स्नातकोत्तर तथा दिवा सत्र कर्मचारी | | | |
| | सञ्चयकोष थप | | ५७५२७४५ | |
| | सुरक्षा गार्ड | ६४८७९३१ | | ७१,७३,६४० |
| | महंगी भत्ता | | | |
| | स्वीपर /मेहतर | | | |
| | घरबिदा / बिरामी बिदा | | ६९४६९२ | |
| | भत्ता प्रशासनिक | | ८४०० | |
| **३** | **कार्यालय सञ्चालन खर्च** | **१,४१,५७,८०५.५९** | **१,७६,२४,३२४.६१** | **२,६७,५३,८६५.६८** |
| | परीक्षा संचालन | ११०००००० | १६६६७२६.०० | २००००००० |
| | विद्युत तथा पानी | २५०००० | १४७९९८ | २५०००० |
| | संचार | १५०००० | ८२५९४ | ३००००० |
| | मर्मत संभार | ६००००० | ७१६८०२ | १०,००,००० |
| | औषधि उपचार | २५००० | ४००० | २५००० |
| | यातायात खर्च | ५९०००० | | ७००००० |
| | इन्धन | १५०००० | ६३२३४६ | १५०००० |
| | विज्ञापन तथा प्रचार/डकुमेन्ट्री | २००००० | ३३६५८५.०० | ७,००,००० |
| | बैङ्क चार्ज /व्याज भुक्तानी | ० | २०० | १००० |
| | आर्थिक सहायता चन्दा/निर्माण सहयोग | २००००० | २१९१८५ | ३००००० |
| | बैठक वापत यातायात खर्च | ० | १२१८८० | १५०००० |
| | कर्मचारी पोशाक | ८०००० | ८०००० | ८०००० |

| | | | | |
|---|---|---|---|---|
| | मसलन्द | २५०००० | १८०२६० | ३००००० |
| | पत्रपत्रिका | ५०००० | २२६०० | ५०००० |
| | भ्रमण खर्च | २००००० | २८६९५४ | ५००००० |
| | थप शैक्षिक कार्यक्रमका लागि तयारी खर्च | १५००००० | ० | ० |
| | उत्सव तथा समारोह | १५०००० | ९६०८५ | १००००० |
| | अतिथि सत्कार | १००००० | १७०६२३ | ३००००० |
| | ओभरटाइम खर्च (कर्मचारी र शिक्षक) | १००००० | ७३३९१.०० | १००००० |
| | कार्यालय बिविध खर्च | ५७१२५.५९ | ६३६३०.०० | १५१४०९.६८ |
| | छपाई | ३००००० | २२०७७५.०० | ३००००० |
| | विद्यार्थी कल्याण खर्च | १२००००० | १३३७९२०.०० | २०,००,००० |
| | छात्रवृत्ति<br>अक्षयकोषबाट विश्वविद्यालयकोषबाट सङ्घ/संस्था/दाताहरूबाट क्याम्पसकोषबाट | ११५०००० | ९४०२००.०० | १३००००० |
| | शैक्षिक सामाग्री खर्च | ५००००० | २६३१२५.०० | ५००००० |
| | अभ्यास शिक्षण | ७००००० | ११४७९२९.०० | ७००००० |
| | शोधकार्य | ५००००० | | ६००००० |
| | स्व वि यु निर्वाचन | ० | २०००५.०० | ४००००० |
| | टाइवेल्ट तथा विद्यार्थी पोशाक | ८०००० | ०.०० | २००००० |
| | खेलकुद | २५५००० | २७३५०४.०० | ६००००० |
| | परिषद खर्च | १५०००० | ३०६५२४.०० | ५००००० |
| | अवलोकन भ्रमण | ३२५००० | ०.०० | ५००००० |
| | वृत्ति विकास (एम फिल र पि एच डी ) | ८५५६८० | ६२९७१०.०० | १५००००० |
| | लेखा परीक्षण शुल्क | ४०००० | ४६०००.०० | ५०००० |
| | पुरस्कार | १३०००० | ०.०० | १३०००० |
| | उपदान खर्च | १५००००० | २१४८७९२.०० | २७०६४५६ |
| | सूचना प्रणालीको व्यवस्थापन, अनुगमन, निरीक्षण तथा मूल्याङ्कन | ५०००० | ०.०० | ५०००० |
| | सफ्टवेयरमा डाटा इन्ट्री/ नविकरण | १५०००० | ०.०० | ७०००० |
| | ह्रासकट्टि खर्च | ० | ५१३७०७७.६१ | ५२,००,००० |
| | क्याम्पस नवीकरण शुल्क | ० | ०.०० | २००००० |
| | क) अनुसन्धान खर्च (RMC बाट) | ५००००० | ०.०० | ७००००० |
| | ख) तालिम सेमिनार तथा गोष्ठी, अन्तर्क्रिया, अभिमुखीकरण तथा छलफल | ५५०००० | ४५२७८४.०० | ५००००० |
| ४ | **प्रकाशन खर्च** | **५,००,०००** | **८०,३००** | **९,९०,०००** |
| | अभ्यास शिक्षण पुस्तिका, क्यालेण्डर, बुलेटिन,प्रोस्पेक्टस,परिषद् प्रतिवेदन,सुकुना सन्देश, स्मारिका | ३२०००० | ८०३००.०० | ६८०००० |
| | **जर्नल** | | | |

| | | | | |
|---|---|---|---|---|
| | क) अनुसन्धान व्यवस्थापन एकाइ | १२०००० | | १५०००० |
| | ख) नेपाली बिभाग | ३०००० | | ३०००० |
| | अन्य (सुकुना सौरभ) | ३०००० | | ३०००० |
| | **कुल जम्मा** | **६,०९,९३,४९७.५९** | **६,२१,३९,८६४.६१** | **७,७५,९६,०९५.६८** |

**१) शिक्षण तलब तथा तलब प्रशासन**

शिक्षण तलबअन्तर्गत क्याम्पसको शिक्षण कार्यमा संलग्न पूर्णकालीन प्राध्यापक, कोर्सकरारका प्राध्यापक, विहानी, दिवा र सन्ध्याकालीन सत्रका अंशकालीन प्राध्यापकको पारिश्रमिक/तलब/भत्ता, पूर्णकालीन प्राध्यापकहरूको बिरामी बिदा तथा घरबिदा, प्रशासनिक भत्ता, महङ्गी भत्ता, सञ्चयकोष रग्रेडखर्च आदिको साविकमा खाइपाइ आएको रकम समावेश गरिएको छ । यसका लागि जम्मा रु.४,३६,६८,५९०।- रकम विनियोजन गरिएको छ । त्यसैगरी तलब प्रशासनअन्तर्गत पूर्णकालीन सबै कर्मचारीको तलब, भत्ता, ग्रेड, सञ्चय कोष, घर विदा तथा बिरामी बिदा, मङ्गी भत्ता, पोसाक खर्च,दिवा सत्र र सन्ध्याकालीन सत्रका कर्मचारीको पारिश्रमिक, सुरक्षा गार्डको तलब, स्विपर मेतहरको पारिश्रमिक र फूलबारी गाडमेलको पारिश्रमिकको साविकको खाइपाइ आएको रकम विनियोजन गरिएको छ जसका लागि रु.७१,७३,६४०।-रकम विनियोजन गरिएको छ ।यस शीर्षकको रकम विनियोजन गर्दा निम्न नीतिहरू अवलम्बन गरिएको छ ।

१.१) एम. एड. तथा एम. बी. एस. को वार्षिक परीक्षा प्रणालीअन्तर्गत प्राध्यापन गर्ने प्राध्यापकहरूका लागि प्रति १०० पूर्णाङ्कको मासिक रु.७,०००।-का दरले कोर्स करारका रूपमा साविकको तलवमान नै कायम गरिएको छ ।

१.२) बी.एड. आइ.सी.टी सेमेस्टर प्रणालीतर्फ प्राध्यापन गर्ने प्राध्यापकहरूका हकमा ८० कार्यभार भएका प्रति विषयका लागि प्रति सेमेस्टर (पुरै सेमेस्टरको) जम्मा रु.५०,०००।- र ४८ कार्यभार भएका विषयका प्रति विषयका लागि प्रति सेमेष्टर (पुरै सेमेस्टरको) जम्मा रु.४०,०००।- पारिश्रमिक हुनेगरी साविकअनुसारकैतलबमान कायम गरिएको छ ।

१.३) साबिकमा कोर्स करारमा रहेका प्राध्यापकहरूका हकमा अघिल्ला दुई विषयका लागि साबिक कै प्रति विषय रु.६,६००।-का दरले दुई विषयको रु.१३,२००।- तेह्र (१३) महिनाको कोर्स करार तलबमान कायम गरिएको छ ।

१.४)स्नातक तहमा अध्यापन गर्ने अंशकालीन प्राध्यापकका हकमाएक वर्षसम्म लगातार अंशकालीन भई कार्य गरिसकेका र सिफ्टअन्तर भई प्राध्यापन गर्ने पूर्णकालीन प्राध्यापकलाई प्रति १०० पूर्णाङ्कको लागि मासिक रु.५,४००।- का दरले बाह्र (१२) महिनाको वार्षिक कोर्स करारको लागि साविककै पारिश्रमिक कायम गरिएको छ ।

१.५) व्यवस्थापन, शिक्षा र मानविकीतर्फको +२ तहमा प्राध्यापन गर्ने अंशकालीन प्राध्यापकहरूले प्राध्यापन गरेको कम्तीमा एक (१) वर्षसम्म लगातार अंशकालीन कार्य गर्नेहरूको हकमा प्रति १०० पूर्णाङ्कको शिक्षण पारिश्रमिक मासिक रु.५,०००।- हुनेगरी बाह्र (१२) महिनाको वार्षिक कोर्स करार कायम हुनेछसाविककै तलवमान कायम गरिएको छ ।

१.६) व्यवस्थापन, शिक्षा र मानविकी तर्फको +२ तहमा प्राध्यापन गर्ने अंशकालीन प्राध्यापकहरूको अंशकालीन शिक्षण कार्यकाल एक (१) वर्ष पूरा नभएको भएमा त्यस्ता प्राध्यापकहरूलाई साविक अनुसारकै प्रति दिन प्रति घण्टी रु.२८५।-कादरले अंशकालीनरूपमा पारिश्रमिक कायम गरिएको छ ।

१.७) बिहानी सत्रका पूर्णकालीन प्राध्यापकहरूले वा बिहानी सत्रका दुई विषयसम्मका लागि कोर्स करारमा नियुक्त प्राध्यापकहरूले दिवा सत्रमा (+२ तहमा) सिफ्टअन्तर हुनेगरी प्राध्यापन गरेमा प्रति १०० पूर्णाङ्कको प्रति विषयका लागि प्रति महिना रु.५,०००।-का दरले साविक अनुसारनै बाह्र (१२) महिनाको पारिश्रमिक भुक्तानी दिइनेछ ।

१.८) गत वर्ष अर्थशास्त्र विषयको दिवा सत्रमा (+२ तहमा) दुई विषयका लागि करार नियुक्त एकजना शिक्षकलाई आवश्यकताको आधारमा साबिक करारको सेवा सुविधा हुनेगरी बिहानी सत्रमा सरुवा गरी सो सत्रमा दुई विषयभन्दा बढी विषयको शिक्षण गर्नुपर्ने भएमा स्नातकतर्फ भए प्रति १०० पूर्णाङ्क प्रति विषय प्रति घण्टी प्रति महिना रु.५,४००।-का दरले र +२ तहमा शिक्षण गर्नुपर्ने भएमा प्रति १०० पूर्णाङ्क प्रति विषय प्रति घण्टी प्रति महिना रु.५,०००।-का दरले बाह्र (१२) महिनाको पारिश्रमिक दिइने छ । त्यस्ता प्राध्यापकका हकमा अर्को व्यवस्था नभएसम्मका लागि यहि नियमअनुसार पारिश्रमिक भुक्तानि गरिने छ ।

१.९) स्नातकोत्तर (एम.एड. र एम.बी.एस.) तह तर्फ सेमेष्टर प्रणालीमा प्राध्यापन गर्ने प्राध्यापकहरूको पारिश्रमिकका सवालमा ४८ घण्टा वर्किङआवर भएका विषयका लागि प्रति विषय छ (६) महिनाको एकमुष्ट जम्मा रु.४५,०००।-को कोर्स करार हुनेगरी भुक्तानी दिने साविकको व्यवस्था कायम गरिएको छ ।

१.१०) बी.बी.ए. सेमेस्टर प्रणालीमा अध्यापन गर्ने प्राध्यापकहरूलाई मिति २०७५ पुस १ गतेदेखि लागुहुने गरीप्रति विषय, प्रति ३ क्रेडिट आवरको (४८ टिचिङ आवर) लागि मासिक रु.१०,०००।-का दरले छ महिनाको पारिश्रमिक भुक्तानि गर्ने रकम समावेश गरिएको छ ।

१.११) पूर्णकालीन अस्थायी वा स्थायी प्राध्यापकहरूलाई जुन सिफ्टमा नियुक्त गरिएको छ वा जुन सिफ्टमा शिक्षणका लागि कार्यादेस दिइएको छ वा जुन सिफ्टमा प्राध्यापन गरिरहेको छ सो सिफ्टमा तोकिएको घण्टी (पिरियड) भन्दा बढी घण्टी वा पिरियड (ओभर टायम) गर्नु पर्ने अवस्था आएमा प्रति १०० पूर्णाङ्क प्रति विषय प्रति घण्टी प्रति वर्ष एकमुष्ट रु.४२,०००।- र प्रति आधा घण्टी ($1/_2$) वार्षिक एकमुष्ट रु.२२,५००।- पारिश्रमिक भुक्तानी दिइने छ । तर यसअनुसारको पारिश्रमिक दिँदा वा पारिश्रमिकको सिफारिस गर्दा सम्बन्धित विभागका विभागीय प्रमुखले निज प्राध्यापकको नाम, निजले यस प्रयोजनका लागि शिक्षण गर्ने विषय, शिक्षण गर्ने पूर्णाङ्क, शिक्षण गर्ने घण्टी वा पिरियड वा समय सहितको विवरण सम्बन्धित सिफ्टका सहायक क्याम्पस प्रमुखमा सिफारिस गर्नुपर्ने, यसरी प्राप्त भएको सिफारिस सम्बन्धित सिफ्टको सहायक क्याम्पस प्रमुखले जाँचबुझ गरी प्रमाणित गर्ने र स्वीकृतिका लागि क्याम्पस प्रमुखमा पेश गर्नु पर्नेछ ।

१.१२) बीएड विज्ञान तर्फ प्रति १०० पूर्णाङ्क प्रति विषय प्रति महिना रु.६,०००।-का दरले बाह्र (१२) महिनाको पारिश्रमिक साविक अनुसारनैभुक्तानी दिइनेछ ।

१.१३) माथिको बुँदा नं. १को “शिक्षण तलब” शीर्षकका उपबुँदा १.१ देखि १.११ सम्ममा जुसुकै व्यवस्था गरिएको भएता पनि वा जुनसुकै कुरा लेखिएको भएता पनि सामान्यतया कुनै पनि शिक्षक वा प्राध्यापकहरूलाई एउटै सिफ्टमा चार (४) घण्टीभन्दा बढी वा ४०० पूर्णाङ्कभन्दा बढी कार्यभार दिइने छैन । तर कारणवस तत्काल अर्को जनशक्तिको व्यवस्था गर्न नसकिएमा वा तत्काल अर्को थप जनशक्तिको अभाव भएमा वहालमा रहेका जुनसुकै प्रकृतिका शिक्षक वा प्राध्यापकलाई अर्को व्यवस्था नहुन्जेलसम्मका लागि प्रति १०० पूर्णाङ्क प्रति पाँचौं विषयको लागि शिक्षण गरेको भएमा प्रति घण्टीरु.२८५।-का दरले पिरियड बेसिसमा पारिश्रमिक भुक्तान गरिने छ । तर यसअनुसारको पारिश्रमिक सिफारिस गर्दा माथि १.१० को बुँदामा उल्लेख गरिएको व्यवस्थाअनुसारको सिफारिस र स्वीकृति भएको हुनु पर्दछ ।

१.१४) प्रशासनिक भत्ताका हकमा क्याम्पस प्रमुखका लागि रु. ७,०००।-, सहायक क्याम्पसप्रमुखहरू र कार्यक्रम संयोजकहरूका लागि जनहि रु. ३,५००।- र विषय शिक्षण समितिका अध्यक्ष/विभागीय प्रमुख/लेखा प्रमुखका लागि जनहि रु. १,०००।- प्रतिमहिना भुक्तानि गर्दा लाग्ने खर्च समावेश गरिएकोछ ।

१.१५) विश्वविद्यालय अनुदान आयोग र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरूले विभिन्न समयमा दिएको सुझाव, प्राज्ञिक उन्नयन, वृत्ति विकास, देशका विभिन्न क्षेत्रका QAA प्राप्त क्याम्पसहरूले गरेको व्यवस्था समेतका आधारमा क्याम्पस नियमावली २०५४ को तस्रो संशोधन २०७४, शिक्षक सेवा आयोग विनियम २०७२ र क्याम्पस सञ्चालक समिति, शिक्षक सेवा आयोग तथा कर्मचारी सेवा आयोगले बनाउने मापदण्ड र कार्यविधि समेतका आधारमा देहायअनुसारको व्यवस्था गर्दा लाग्ने खर्च विनियोजन गरिएको छ ।

क) उपप्राध्यापकबाट सहप्राध्यापकमा बढुवा हुने ८ जना ।

ख) शिक्षण सहायकबाट उपप्राध्यापकमा स्थायी हुने ५ जना ।

ग) पूर्णकालिन शिक्षण सहायक हुने ६ जना ।

घ) खरिदारबाट नायव सुब्बामा बढुवा हुने २ जना ।

ङ) मुखियाबाट खरिदारमा बढुवा हुने १ जना ।

च) मुखियामा स्थायी हुने ३ जना ।

छ) कार्यालय सहयोगी (पियन) को द्वितीय तहमा बढुवा हुने ४ जना ।

ज) कार्यालय सहयोगी (पियन) थप नियुक्ति गर्ने १ जना ।

झ) रिसेप्सनिष्टका लागि मुखिया स्तरको थप कर्मचारी १ जना ।

ञ) बी एस्सी प्रयोगशालाका लागि ल्याव एसिष्टेण्ट (ना.सु. सरह) को नयाँ नियुक्ति १ जना ।

१.१६) क्याम्पस प्रमुखलाई दिवा सत्र र सन्ध्याकालीन सत्रसमेतको पूर्णकालीन (Whole Timer) कार्यगर्न २०७६ जेठ १ गते देखि लागु हुनेगरी निजको शुरु तलब मानको छैसट्ठी प्रतिसत (६६%) थप पारिश्रमिकको व्यवस्था गरिएको छ ।

१.१७) बी.बी.ए. कार्यक्रमको निर्देशकलाई २०७५ साल पुस १ गते देखि पूर्णकालिन शिक्षण सहायक सरह पारिश्रमिक र सोहि मिति देखि कार्यक्रम निर्देशक भत्ता वापत रु.६१००।- भुक्तानि गर्ने गरी खर्चको विनियोजन गरिएको छ ।

१.१८)क्याम्पसमा सेवाग्राहिहरूको सङ्ख्या र चाप बढेको हुँदा र टाढाटाढाका सेवाग्राहि विद्यार्थी तथा अभिभावक दिवा सत्रमा सेवा लिन आउने भएका कारणले गत वर्षदेखि लेखा शाखा र परीक्षा शाखालाई दिवा सत्रमा पनि सञ्चालन गर्दै आएकोमा दुई जना कर्मचारीको पद रिक्त भएको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि गत वर्षमा लेखा र परीक्षा शाखामासिफ्टअन्तर कार्यभार गर्दा शुरु तलव मानको ६६%भुक्तान गर्ने व्यवस्था गरिएकोमायस वर्षदेखि पुस्तकालय, शुल्क काउण्टर र बि.बी.ए. कार्यालयमा समेत सिफ्टअन्तर भई कार्य गर्नका लागि क्याम्पसको विधानले तोकेबमोजिम शुरु तलब मानको छैसट्ठी प्रतिसत (६६%) पारिश्रमिक भुक्तानी गर्नेगरी बजेट विनियोजन गरिएको छ ।

१.१९) स्वीपरका लागि काम गरेको दिनको प्रतिदिन रु.२५०।- र मेतहरका लागि मासिकरु.१०,०००।-का दरले पारिश्रमिक दिनेगरी २०७५ फागुन १ गतेदेखि लागुहुने गरी व्यवस्था गरिएकोछ ।

१.२०) पूर्णकालीन कर्मचारीहरूलाई साविकमा दिइँदै आएको पोशाक खर्चलाई यस पटक पनि निरन्तरता दिइएको छ ।

१.२१) बिरामी बिदा तथा घरबिदा, महंगी भत्ता, सञ्चयकोष र ग्रेड खर्च साविकअनुसार हुने गरी विनियोजन गरिएकोछ ।

**२) अन्य सञ्चालन खर्च**

अन्य सञ्चालन खर्च अन्तर्गत माथि तालिका नं. ७ मा उल्लेख गरिएको कार्यालय सञ्चालन खर्चमा समावेश गरिएका उप शीर्षकहरू पर्दछन् । यी उप शीर्षकहरू मध्येस्पष्ट पार्नुपर्ने उप शीर्षकहरू यस प्रकार छन् ।

२.१) वृत्ति विकास उप शीर्षकअन्तर्गत गत वर्षमादुई (२) जना प्राध्यापक लाई एम.फील. गर्न जाँदा भुक्तान गर्न बाँकी तलबी विदाको रकम विनियोजन गरिएको छ ।त्यसै गरी यस वर्ष थप दुई (२) जना शिक्षकहरूलाई एम.फिल. अध्ययन गर्न जाँदा दिइने अध्ययन विदाको लागि लाग्ने रकम समेत समावेश गरिएको छ । यसका अतिरिक्त क्याम्पसको अध्यापनमा बाधा नपर्ने गरी एम.फिल. वा विद्यावारिधि गर्ने बढिमा ४ जना शिक्षकहरूलाई प्रोत्साहन गर्न प्रति शिक्षक रु. २,००,०००।- दरले प्रोत्साहन खर्च समावेश गरिएको छ ।

२.२) अवलोकन भ्रमण उप शीर्षकमा विभिन्न क्याम्पसहरूमा अनुभव आदानप्रदानका लागि सञ्चालक समिति, लेखा समिति, पुनरावेदन समिति, सल्लाहार समिति, क्याम्पस पदाधिकारीहरू र विभागीय प्रमुख तथा प्राध्यापकहरूलाई प्रतिनिधिमुलक रुपमा अवलोकन भ्रमणमा लाने कार्यको लागि खर्च समावेश गरिएको छ ।

२.३) अनुसन्धान खर्चअन्तर्गत अनुसन्धान व्यवस्थापन एकाईले क्याम्पसका प्राध्यपकहरू मध्येबाट अनुसन्धान प्रस्तावनाको उत्कृष्टताको आधारमा सन् २०१९ जनवरी देखि डिसेम्वरसम्ममा प्रति लघु अनुसन्धान रु.४०,०००।- का दरले बढीमा ४ वटा अघु अनुसन्धान गराउने र ठूलो/वृहत अनुसन्धानका लागि सो

अवधिमा एक (२) अनुसन्धानका कार्यका लागि रु.१,५०,०००।- रकम विनियोजन गरिएको छ । यसका साथै स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू मध्ये विगत वर्ष सञ्चालक समितिले गरेको निर्णयअनुसार शोध पत्र तयार गर्ने विद्यार्थीहरू मध्ये उत्कृष्टताका आधारमा ४ जना छात्रा र ४ जना छात्रलाई प्रति शोधपत्र रु. १०,०००।- का दरले "शोधपत्र प्रोत्साहन" रकम विनियोजन गरिएको छ ।

२.४) अनुसन्धान खर्च अन्तर्गत "लघु अनुसन्धान र वृहत अनुसन्धानका" लागि विशेषज्ञ सेवा र अनुसन्धान सहजिकरणका लागि लाग्ने रकम समावेश गरिएको छ ।

२.५) क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरूलाई अनुसन्धानमुलक लेखका लागि प्रोत्साहन गर्न रकम विनियोजन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय स्तरको अनुसन्धानमुलक जर्नलमा लेख प्रकाशन गर्ने तीन जना प्राध्यापकलाई प्रति लेख २५,०००।- र राष्ट्रिय स्तरको जर्नलमा लेख प्रकाशन गर्ने पाँच (५) जना प्राध्यापकलाई प्रति लेख रु.१०,०००।-का दरले "अनुसन्धानमुलक लेख प्रोत्साहन" रकम प्रदान गर्ने रकम विनियोजन गरिएको छ ।

२.६) तालिम/सेमिनार खर्च अन्तर्गत यस वर्ष हुने एमएड तथा एमबीएस, बीबीए सेमेष्टर प्रणालीको पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम, शोधपत्र अभिमुखीकरण कार्यक्रम, आईसीटी तालिम, स्नातक तहकालागि विषयगत अभिमुखीकरण, पुस्तकालय तथा सफ्टवेयर तालिम, बैङ्किङ तथा उद्यमशिलता तालिम र अन्य तालिम सञ्चालन गर्न आवश्यक पर्ने रकम विनियोजन गरिएको छ ।

२.७) जर्नल प्रकाशन उप शीर्षकअन्तर्गत क्याम्पसको अनुसन्धान व्यवस्थापन एकाइले प्रकाशन गर्ने जर्नलका लागि आवश्यक पर्ने सबै खर्च व्यहोर्ने र नेपाली विभाग तथा प्राध्यापक सङ्घले प्रकाशन गर्ने जर्नलका लागि सहयोग रकम विनियोजन गरिएको छ ।

२.८) आन्तरिक परीक्षा सञ्चालन तर्फ साविकको भन्दा खर्च बढेको छ । यसको मुख्य कारण कक्षाहरू थप भएका र सिमेष्टर प्रणालीमा परीक्षा बढिहुने भएकाले खर्च बढ्न गएको हुँदा साविक भन्दा बढि रकम विनियोजन गरिएको छ ।

२.९) विद्यार्थी कल्याण तर्फ साविकमा लाग्ने रकम भन्दा बढि रकम लाग्ने अनुमान गरिएको छ । यस वर्ष देखि बी.एस्सी., +२ विज्ञान र आइ सि टि तर्फ पनि शुल्क सहुलियत दिने व्यवस्था लागु भएका कारण गत वर्षभन्दा बढि रकम विनियोजन गरिएको छ ।

## सुझावहरू

क्याम्पसको वर्तमान संरचना, आर्थिक अवस्था र बढ्दो शैक्षिक कार्यक्रमका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१) विश्वविद्यालय अनुदान आयोगले QAA प्राप्त क्याम्पसहरूका लागि HERP को DLI2 अन्तर्गत स्रोत परिचालन शीर्षकमा रु १,५०,००,०००।- को अधिकतम सिमा निर्धारण गरेकोमा आयोगको मिति २०७५ माघ १४ गतेको निर्णय नं. १२०८ अनुसार सो सिमामा वृद्धि गरी रु. ३,००,००,०००।- बनाएको र मिति २०७५ फागुन १५ गते भित्रमा संशोधित खरिद योजना पेश गर्न आव्ह्वान गरेको हुँदा तोकिएको समय

भित्रमा शिक्षण भवनको माथिल्लो तलाको बाँकीरहेको आधाभाग निर्माणका लागि खरिद योजना पेश गर्नु पर्ने ।

२) क्याम्पसको प्रशासनिक कार्यभार बढ्दै गएको र QAA प्राप्त क्याम्पसहरूको अभ्यास समेतलाई हेर्दा यस क्याम्पसका प्रशासनिक कार्यहरूलाई चुस्त दुरुस्त र व्यवस्थित गर्न आगामी वर्ष देखि प्रशासकीय अधिकृतको व्यवस्था गर्नु पर्ने ।

अन्त्यमा प्रस्तुत बजेट तयार गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दे आगामि दिनमा पनि अझै सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । प्रस्तुत बजेटलाई गहन छलफल र विश्लेषण गर्दै पारित गरिदिनु हुन सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

बजेट मस्यौदा समिति २०७५ को तर्फबाट

प्रस्तोता

लक्ष्मीकुमार श्रेष्ठ

क्याम्पस प्रमुख

एवम्

संयोजक

बजेट मस्यौदा समिति २०७५

सुकुना बहुमुखी क्याम्पस

सुन्दरहरैंचा, मोरङ

बजेटका आवश्यक थप विवरणहरूअनुसूची १ देखि ७ सम्ममा समावेश गरिएका छन् ।